मिति २०७० पौष ९ गते मंगलबारका दिन समितिका अध्यक्ष प्रा.डा.फत्त बहादुर के.सीज्यूको अध्यक्षतामा जीवन तथा निर्जीवन बीमा कम्पनीहरुका प्रमुखहरुसंग बीमा सम्बन्धी समसामयिक बिषयमा भएको छलफल तथा निर्णयहरु :-

१) **आकस्मिक बीमा कोषको बाँकी बीमाशुल्क सम्बन्धमा:**

आकस्मिक बीमा कोषमा बुझाउन पर्ने बीमाशुल्क भुक्तानी गर्न बाँकी रहेको बीमकहरुले आ.व. ०६९/७० सम्मको उक्त भुक्तानी गर्न बाँकी रकम तथा हर हिसाव पौष मसान्त भित्र फरफारक गर्ने । उक्त अवधि भित्र यस्तो कार्य नगरेमा त्यस्ता बीमकहरुलाई नियमानुसार गर्ने ।

२) **लगानी नीति पुनवरालोकन सम्बन्धमा:**

मिति २०७०/०८/२४ मा लगानी नीति पुनरावलोकन गर्न बीमकबाट सुझाव माग गरेकोमा, हाल सम्म पुनरावलोकनको लागि राय सुझाव प्राप्त नभएको तर्फ बीमकका प्रमुख कार्यकारी अधिकृतलाई ध्यानाकर्षण गराउदै समितिबाट निर्धारित लगानी नीति समितिबाटै पुनवरालोकन गर्ने ।

३) **अग्नि बीमामा भूकम्प बीमा अनिवार्य सम्बन्धमा:** पून छलफल गर्ने ।

४) **पत्रकार दुर्घटना बीमा:**

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सूचना बिभागवाट अनुरोध भएवमोजिम पत्रकारहरुको दुर्घटना बीमा सम्बन्धमा "पत्रकार दुर्घटना बीमालेख" समितिवाट तयार भएको छाँया प्रति बीमकलाई उपलब्ध गराउने ।

५) **अभिकर्ता कमिशन सम्बन्धमा:**

निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले आफ्नो पदाधिकारी तथा कर्मचारीहरुले बीमा गर्दा एकाघर परिवारको सदस्य तथा बित्तिय स्वार्थ भएका व्यक्तिहरुलाई बीमा अभिकर्ताको रुपमा राखि बीमा गर्न नपाईने व्यवस्था मिति २०७० साल माघ १ गते देखि मिलाउने । कोही व्यक्ति/संस्था प्रत्यक्ष रुपमा बीमा गर्न आएमा १०% बीमा शुल्कमा बराबर हुने रकम छुट प्रदान गर्ने व्यवस्था यथावत राख्ने । हाल कायम रहेका अभिकर्ता कमिशन अधिक हुन गई बीमितलाई मर्का परेको कारण सो सम्बन्धमा पुनरावलोकन गर्नु पर्ने भएको हुँदा उक्त कमिशनको दर बढिमा ५% कायम गरी मिति २०७०/१०/१ देखि जारी गरिने बीमालेखहरुमा लागू गर्ने व्यवस्था मिलाउन समितिमा सिफारिश गर्ने ।

साथै जीवन बीमा व्यवसाय गर्ने बीमकको हकमा सोही बीमकमा कार्यरत कर्मचारीहरुका परिवारका सदस्यहरुलाई अभिकर्ता नहुने व्यवस्था गरी मिति २०७०/१०/१ देखि लागू गर्ने ।

सरकारी निकाय वा सरकारको स्वामित्वमा रहेका सम्पत्तिको बीमा गर्दा अभिकर्ता कमिशन लगायत कुनै पनि आर्थिक सुविधा दिन नपाईने व्यवस्था मिलाउने । प्रत्यक्ष रुपमा सरकारी स्वामित्वमा रहेको सम्पत्तिहरुको बीमा गर्दा बीमा शुल्कमा सिधै पाउने छुट बीमा शुल्कमा घटाई बीमा गर्ने व्यवस्था मिलाउने ।

Insurance Board-1992

६) **तथ्याङ्क अध्यावधि गराउने सम्बन्धमा :**

समितिबाट तोकिएको ढाँचामा तथ्याङ्क उपलब्ध गराउने सम्बन्धमा त्यस्तो तथ्याङ्कको एकिकृत सफ्टवेर निर्माण गर्न देहाय बमोजि एक कार्यदल गठन गर्ने । उक्त कार्यदलले सफ्टवेर निर्माण गरी लागू गर्ने सम्बन्धमा कार्य योजना तय गरी सात(७) दिन भित्र समितिमा पेश गर्ने व्यवस्था मिलाउने ।

संयोजक - श्री दिप प्रकाश पाण्डे, प्रमुख कार्यकारी अधिकृत, शिखर इन्स्योरेन्स कं.लि.

सदस्य - श्री विजय बहादुर शाह, प्रमुख कार्यकारी अधिकृत, एनएलजी इन्स्योरेन्स कं.लि.

सदस्य - श्री योगेश भक्त वादे श्रेष्ठ, प्रमुख कार्यकारी अधिकृत, एलाइन्स इन्स्योरेन्स कं.लि.

७) **बीमित सवारी साधन लगायत (अर्थ मुभिङ्ग भेभिकल लगायत) बीमा अन्तर्गत पूर्णक्षति भएको सम्बन्धमा :**

बीमित सवारी साधन अर्थ मुभिङ्ग भेभिकल पूर्णक्षति भएको अवस्थामा बीमकले त्यस्तो बीमित साधन पत्रु गराएर मात्र दावी भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

८) **कमिशन रकम सम्बन्धमा:**

सवारी साधनको बीमा गर्दा मोटर बीमादर सम्बन्धी निर्देशिका, २०६६ को परिच्छेद ३.८ अन्तर्गत अभिकर्ता कमिशन प्रदान गर्दा सवारी साधनको क्षति हानी-नोक्सानी (Own Damage) र दुर्घटना बीमा वापत प्राप्त हुने बीमा शुल्कमा मात्र कमिशन दिने व्यवस्था मिलाउने र अन्यको (तेश्रो पक्ष लगायत जोखिम समूह) हकमा कुनै पनि किसिमको छुट, कमिशन तथा इन्सेन्टीभ प्रदान गर्न नहुने गरी व्यवस्था मिलाउने ।

९) जीवन बीमा गर्ने बीमकले आफ्ना संचालक तथा कर्मचारीहरुको बीमा गरेको भएमा सो को जानकारी समितिमा गराउने ।

बीमा समिति-२०४९ Insurance Board

५/५